Ctevtsolution.com

लोक सेवा आयोग

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम), प्रशासन, प्रशासन, प्रशासन, चौथो, सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८३।०५।२०

www.ctevtsolution.com

**KEY [B]**

पत्र : प्रथम

समय : ४५ मिनेट

पूर्णाङ्क : १००

## विषय : सामान्य ज्ञान र गणित

| उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा calculator, mobile प्रयोग गर्न पाइनेछैन । |
|---|

Ctevtsolution.com

### वस्तुगत बहुउत्तर

५०×२=१०० अङ्क

1. क्षेत्रफलको हिसाबले तल दिइएका महानगरपालिकाहरूको ठूलोदेखि सानोको क्रम कुन सही हो?
   A) पोखरा, भरतपुर, विराटनगर, वीरगञ्ज, काठमाडौं
   B) पोखरा, भरतपुर, वीरगञ्ज, विराटनगर, काठमाडौं
   C) भरतपुर, पोखरा, विराटनगर, काठमाडौं, वीरगञ्ज,
   D) भरतपुर, पोखरा, काठमाडौं, वीरगञ्ज, विराटनगर
2. सबैभन्दा धेरै जिल्ला भएको प्रदेश कुन हो?
   A) बागमती B) लुम्बिनी C) गण्डकी D) कोशी
3. नेपालको संविधानबमोजिम सम्पत्ति कर कुन तहको अधिकार सूचीभित्र पर्दछ?
   A) संघ B) प्रदेश C) स्थानीय तह D) संघ र प्रदेशको साझा
4. "पैत्रिक सम्पत्तिमा लैंगिक भेदभावबिना सबै सन्तानको समान हक हुनेछ" भन्ने व्यवस्था नेपालको संविधानको कुन मौलिक हकसँग सम्बन्धित रहेको छ?
   A) सम्पत्तिको हक B) समानताको हक C) महिलाको हक D) आवासको हक
5. राष्ट्रिय तथ्यांक कार्यालयको पछिल्लो प्रतिवेदनअनुसार हाल नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान कति प्रतिशत रहेको छ?
   A) १२.४ B) २०.४ C) २६.४ D) ३०.४
6. सन् २०२५ मा नेपाल आउने पर्यटकहरूको औषत नेपाल बसाइदर कति दिन रहेको छ?
   A) १३.३३ B) १४.२० C) १५.६१ D) १६.३४
7. आ.व. २०८१/८२ मा नेपालमा धेरैदेखि थोरै परिमाणमा उत्पादन भएको खाद्यान्नको क्रम कुन सही हो?
   A) मकै, गहुँ, धान, कोदो B) गहुँ, धान, मकै, कोदो
   C) धान, मकै, गहुँ, कोदो D) मकै, धान, कोदो, गहुँ
8. 'प्रकाश वर्ष' भन्नाले तलका मध्ये कुनलाई बुझाउँदछ?
   A) प्रकाशले एक वर्षमा पार गर्ने दूरी
   B) सूर्यबाट पृथ्वीमा प्रकाश आइपुग्न लाग्ने समय
   C) पृथ्वीले सूर्यलाई परिक्रमा गर्न लाग्ने वार्षिक समय
   D) सूर्यको प्रकाशको कारण पृथ्वीमा एक वर्षमा बढ्ने तापक्रम
9. ओजोन तहको संरक्षणका लागि गरिएको प्रसिद्ध अन्तर्राष्ट्रिय सम्झौता कुन हो?
   A) क्योटो प्रोटोकल B) मन्ट्रियल अभिसन्धि C) पेरिस सम्झौता D) रियो घोषणापत्र
10. राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल जनसंख्यामा कति प्रतिशत महिला जनसंख्या रहेको छ?
    A) ४७.५० B) ४७.८७ C) ४८.८७ D) ५१.१३
11. टेलिफोनका आविष्कारक अलेक्जेण्डर ग्राहमबेल कुन देशका नागरिक थिए?
    A) बेलायत B) रूस C) इटाली D) अमेरिका

Ctevtsolution.com

www.ctevtsolution.com

www.ctevtsolution.com



12. जीन (Gene) तलका मध्ये कुनले बनेको हुन्छ?
A) DNA  B) RNA  C) Chromosome  D) Nitrogen bases

13. 'The Grand Design' पुस्तकका लेखक को हुन्?
A) अल्बर्ट आइन्स्टाइन  B) चार्ल्स डार्विन
C) ग्यालिलियो ग्यालिली  D) स्टेफन हकिन्स

14. आसियानका महासचिवको पदावधि कति वर्ष हुने व्यवस्था रहेको छ?
A) ३  B) ४  C) ५  D) ६

15. १८ औं सार्क शिखर सम्मेलनबाट वन व्यवस्थापन, विपद् व्यवस्थापन, नदी तटीय क्षेत्र र जलवायु अनुसन्धान केन्द्रलाई एकआपसमा गाभी कुन केन्द्र बनाइएको छ?
A) सार्क जलवायु अनुसन्धान केन्द्र  B) सार्क विपद् तथा प्रकोप व्यवस्थापन केन्द्र
C) सार्क प्रकोप व्यवस्थापन केन्द्र  D) सार्क वातावरण तथा प्रकोप व्यवस्थापन केन्द्र

16. संयुक्त राष्ट्रसंघको आधिकारिक भाषा देहायका मध्ये कुन हो?
A) अरेबिक  B) हिन्दी  C) जर्मन  D) कोरियन

17. फिफाद्वारा जारी भएको विश्वकप फुटबल-२०२६ को टिम अफ दि टुर्नामेन्ट्समा तलका मध्ये कुन खेलाडी समावेश भएका छैनन्?
A) लियोनेल मेस्सी  B) क्रिश्चियानो रोनाल्डो  C) किलियन एम्बाप्पे  D) भोजिन्हा

18. वातावरण र पर्यावरणका क्षेत्रमा काम गर्ने 'वातावरण प्रहरी' को व्यवस्था गर्ने महानगर कुन हो?
A) पोखरा  B) ललितपुर  C) भरतपुर  D) काठमाडौँ

19. नेपाल टेलिकमको सञ्चालक समितिमा देहायका कुन निकायको प्रतिनिधि रहने व्यवस्था छैन?
A) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय  B) अर्थ मन्त्रालय
C) सूचना तथा सञ्चार मन्त्रालय  D) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

20. सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षाअनुसार व्यवसाय र कारोबारको प्रकृतिअनुसार नेपाल टेलिकमलाई कुन क्षेत्रमा वर्गीकृत गरिएको छ?
A) जनोपयोगी  B) सेवा  C) सामाजिक  D) व्यापारिक

21. नेपालमा कहिलेबाट दूरसञ्चार सेवा निजी निवासमा उपलब्ध गराउन सकिने व्यवस्थाको सुरूवात भएको हो?
A) वि.सं. १९७४  B) वि.सं. १९९०  C) वि.सं. १९९२  D) वि.सं. १९९९

22. नेपालमा Ymax 4G सेवा कहिलेबाट सुरू भएको हो?
A) वि.सं. २०६५  B) वि.सं. २०६८  C) वि.सं. २०७०  D) वि.सं. २०७२

23. टेरामक्स (TERAMOCS) प्रविधि केसँग सम्बन्धित छ?
A) दूरसञ्चार ट्राफिक अनुगमन र ठगी नियन्त्रण प्रणाली
B) द्रुत गतिमा इन्टरनेट सञ्चालन प्रणाली
C) तारविहीन इन्टरनेट
D) एस.एम.एस. प्रणाली

24. 'Artificial Intelligence' शब्दको प्रथम प्रयोग कसले गरेका हुन्?
A) ज्योफ्री हिन्टन  B) जोन म्याकार्थी  C) आर्थर स्यामुएल  D) यान लेकुन

25. आधारभूत वैज्ञानिक परिमाण मापन गर्ने MKS System का प्रतिपादक को हुन्?
A) Carl Friedrich Gauss  B) Baptiste Fourier
C) Giovanni Giorgi  D) William Stroud

26. १ पाउण्ड (Pound) मा कति ग्राम हुन्छ?
A) २२६.८०  B) ३४०.१९  C) ४५३.५९  D) ९०७.१८

27. नेपालमा GSM प्रविधिमा आधारित सेलुलर मोबाइल सेवा प्रदान गर्ने निजी दूरसञ्चार सेवाप्रदायक संस्था कुन हो?
A) एनसेल  B) स्मार्ट टेलिकम  C) नेपाल टेलिकम  D) युनाइटेड टेलिकम

www.ctevtsolution.com

www.ctevtsolution.com

28. International Telecommunication Union (ITU) को सदस्य राष्ट्र संख्या कति रहेको छ?
A) १९०　B) १९२　C) १९३　D) १९४

29. २० जना खेतालाहरूलाई एउटा खेत खन्न २४ घण्टा लाग्छ भने कतिजना खेतालाले सो खेत ६ घण्टामा खन्न सक्छन्?
A) ६०　B) ७०　C) ८०　D) ९०

30. रू. १,५०० को कति प्रतिशत रू. २५० हुन्छ?
A) १२.६७　B) १६.६७　C) २०.६७　D) २५.६७

31. २/३, ५/६, ४/७ र ३/४ मध्ये सबैभन्दा ठूलो भिन्न कुन हो?
A) २/३　B) ४/७　C) ३/४　D) ५/६

32. एउटा वस्तु रू. २,४०० मा खरिद गरी रू. २,७६० मा बिक्री गरियो भने नाफा प्रतिशत कति हुन्छ?
A) १२　B) १५　C) १८　D) २०

33. रू. ५०,००० को ३ वर्षमा १२.५ प्रतिशतका दरले मिश्रधन (Compound Amount) कति हुन्छ?
A) रू. ६६,५००　B) रू. ६८,७५०　C) रू. ७२,०००　D) रू. ७२,७५०

34. रू. १०,००० को वार्षिक १० प्रतिशतका दरले २ वर्षको साधारण ब्याज रकम कति हुन्छ?
A) रू. २,०००　B) रू. २,५००　C) रू. ३,०००　D) रू. ३,५००

35. ६३ लिटर दूध र पानीको मिश्रणमा दूध र पानीको अनुपात ४:३ छ भने दूध र पानीको परिमाण क्रमशः कति कति छ? पत्ता लगाउनुहोस् ।
A) ३५ लि. र २८ लि.　B) ४२ लि. र २१ लि.　C) १८ लि. र ४५ लि.　D) ३६ लि. र २७ लि.

36. यदि 3A = 5B = 6C भए (A:B:C) को अनुपात कति होला?
A) 3:5:6　B) 9:10:6　C) 10:6:5　D) 30:25:18

37. यदि ८ जना विद्यार्थीको तौल 45kg, 42kg, 44kg, 50kg, 45kg, 48kg, 40kg र 43kg छ भने मध्यिका कति हुन्छ?
A) 43.5kg　B) 44kg　C) 44.5kg　D) 45kg

38. ५ वटा लगातार आउने संख्याहरूको औषत २० भए सबैभन्दा सानो संख्या कुन होला?
A) १६　B) १८　C) २२　D) २४

39. उचाइ (अग्लोदेखि होचो) को आधारमा देहायका हिमालहरूको क्रम कुन सही छ?
A) शान्ति पिक, गौरीशंकर, आमादब्लम, माछापुच्छ्रे
B) आमादब्लम, माछापुच्छ्रे, शान्ति पिक, गौरीशंकर
C) गौरीशंकर, आमादब्लम, शान्ति पिक, माछापुच्छ्रे
D) शान्ति पिक, गौरीशंकर, माछापुच्छ्रे, आमादब्लम

40. नेपालमा समुद्री सतहदेखि ३३५० मिटरदेखि ५००० मिटरसम्मको उचाइमा कस्तो किसिमको हावापानी पाइन्छ?
A) हिमाली हावापानी　B) लेकाली हावापानी
C) न्यानो समशीतोष्ण हावापानी　D) ठण्डा समशीतोष्ण हावापानी

41. ऐतिहासिक सिम्रौनगढ क्षेत्र नेपालको कुन जिल्लामा अवस्थित छ?
A) बारा　B) रौतहट　C) सिरहा　D) पर्सा

42. वन्यजन्तुसँग सम्बन्धित मृग अध्ययन केन्द्र नेपालको कुन ठाउँमा अवस्थित छ?
A) गोदावरी, ललितपुर　B) टिकौली, चितवन　C) सन्दकपुर, इलाम　D) भीमफेदी, मकवानपुर

43. देहायका मध्ये क्षेत्रफलको आधारमा सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज कुन हो?
A) बर्दिया　B) चितवन　C) मकालु बरूण　D) लाङटाङ

44. नेपालको कति प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको छ?
A) ३९.४०%　B) ४१.०४%　C) ४६.०८%　D) ४८.०६%

45. वि.सं. २०३६ साल जेठ १० गते घोषणा भएको जनमत संग्रह सम्पन्न भइ अन्तिम परिणाम कहिले घोषणा भएको थियो?
A) वि.सं. २०३७ वैशाख २०　B) वि.सं. २०३७ जेठ १
C) वि.सं. २०३७ जेठ १५　D) वि.सं. २०३७ असार १०

क्रमशः

www.ctevtsolution.com

www.ctevtsolution.com



46. सुगौली सन्धिमा समेटिएका बुँदाहरूको स्वीकृति र कार्यान्वयन अवधि कति राखिएको थियो?
A) १५ दिन B) ३० दिन C) ४५ दिन D) ९० दिन

47. दरबार हाइस्कुलको स्थापना कसले गरेका हुन्?
A) वीरशमशेर B) जंगबहादुर C) देवशमशेर D) चन्द्रशमशेर

48. राष्ट्रिय जनगणना, २०७८ बमोजिम नेपालको हिमाली प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर कति प्रतिशत रहेको छ?
A) -०.०५ B) -०.०४ C) -०.०३ D) -०.०१

49. भारोपेली भाषा परिवारभित्र पर्ने भाषा बोल्ने जाति कुन हो?
A) थकाली B) नेवारी C) तामाङ D) दनुवारी

50. देहायका मध्ये नेपालमा सबैभन्दा धेरै जनसंख्या भएको जाति कुन हो?
A) राई B) गुरुङ C) थारु D) तामाङ

:: समाप्त ::

उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।

3A 5B 6C

सय = ४३
पानी = ३२

४३ + ३२ = ६३

9×4 = 36
3×9 = 27

A B C

40+42+43+44+45+45+48+50

8+1

(4.5)

44
+45
87

(44.5)

www.ctevtsolution.com